# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, असार ६ गते २०४० साल

श्री ५ को सरकार

### मन्त्रिपरिषद् सचिवालयको

### सूचना

श्रम तथा सामाजिक कल्याण मन्त्रालयका सचिव श्री माधवलाल तवदार जेनेभा, स्वीटजरल्याण्डमा ६९ औं अन्तर्राष्ट्रिय श्रम संगठनको अधिवेशनमा भाग लिन मिति २०४०।२।१५ मा त्यसतर्फ प्रस्थान गर्नु भएकोले उहाँ फर्की हाजिर नभए-सम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री जगन्नाथ जोशीलाई मिति २०४०।२।१६ देखि कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले,
भोगेन्द्रनाथ रिमाल
श्री ५ को सरकारको मुख्य सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

905

श्री ५ को सरकार

# मन्त्रिपरिषद् सचिवालयको

## सूचना

कानून तथा न्याय मन्त्रालयका सचिव श्री ध्रुववर सिंह थापा संयुक्त अधिराज्य ग्रेटब्रिटेन सरकारको निमन्त्रणामा बेलायतको भ्रमण गर्न र त्यसपछि पश्चिम जर्मनीमा हुने अन्तर्राष्ट्रिय पर्वतीय विकास केन्द्रको अन्तरिम समितिको चौथो बैठकमा भाग लिन मिति २०४०।२।१६ मा त्यसतर्फ प्रस्थान गर्नु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री ईश्वरबहादुर श्रेठलाई मिति २०४०।२।१७ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
भोगेन्द्रनाथ रिमाल
श्री ५ को सरकारको मुख्य सचिव

मुद्रण विभाग, नेपाल

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११०